परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ८५ पृष्ठ ४ २०८१ माघ १ गते, मंगलबार 14-January, 2025 मूल्य रु. ५/-




हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## भूमि आयोगका जिल्ला अध्यक्षमा पिताम्वर महतो नियुक्त



● टक नेपाल

सरकारले ५६ जिल्लामा भूमि आयोगका अध्यक्ष नियुक्त गरेको छ।

भूमि आयोगका जिल्ला अध्यक्षमा बर्दिवास नगर पालिका ८ बस्ने पिताम्वर महतोलाई नियूक्त गरिएको छ। सत्तारुढ दल काङ्ग्रेस र नेकपा एमालेले भागबन्डा गरेर आयोगमा जिल्ला अध्यक्ष र सदस्य नियुक्त गरेका हुन् । आयोगका नियुक्त जिल्ला अध्यक्षको आजै शपथ गराएका हुन।

कोशी प्रदेशका १०, मधेसका ६, बागमतीका ८, गण्डकीका ५, लुम्बिनीका १२, कर्णालीका ८ र सुदूरपश्चिम प्रदेशका ७ जिल्लामा आयोगका अध्यक्ष नियुक्त गरिएको हो।

अब तेह्रथुम, धनकुटा, खोटाङ, सुनसरी, सप्तरी, रौतहट, दोलखा, काभ्रे पलाञ्चोक, धादिङ, चितवन, मकवानपुर, गोरखा, पर्वत, स्याङ्जा, म्याग्दी, बागलुङ, बझाङ, कालीकोट र कञ्चनपुरमा अध्यक्ष नियुक्त हुन बाँकी छ।




## वर्दिबासमा दोश्रो मेयर कप क्रिकेट प्रतियोगिता आज बाट सुरु



● बिनोद ढुङ्गेल

बर्दिवास नगपालिकामा 'दोस्रो मेयर कप वडा स्तरीय क्रिकेट प्रतियोगिता -२०८१' आज देखि सुरु हुने भएको छ ।

बर्दिवास नगरपालिकाको आर्थिक सहयोग र श्री सर्च ०४४ खेलकुदतथा संगित संस्थाको आयोजनामा बर्दिवास नगरपालका वडा नं. २ को रंगशालामा विहान ११ : ३० बजे बाट खेल सुचारु हुने छ।

आज हुने पहिलो खेलमा बर्दिवास नगरपालिका वडा नं.१ र बर्दिवास नगरपालिका वडा नं. ९ पशुपतिनगर बिच हुने आयोजक संस्थाका संयोजक इमेश साह अनिशले बताएका हुन।

आजदेखि सुरु हुने प्रतियो गिताको नगरप्रमुख प्रहलाद कुमार क्षेत्रीले उद्घाटन गर्नुहुने संयोजक साहले जानकारी गराएका हुन।

दोस्रो मेयर कप वडा स्तरीय क्रिकेट प्रतियोगिता -२०८१' मा सहभागिहुने खेलाडीहरु वडाको स्थायि वासी रहेको वडावाट प्रमाणित गर्नुपर्ने नियम रहेको आयोजकले वताएको छ।

खेलमा प्रथम हुने टिमलाई रु.५१,००० र दोश्रो हुने लाई रु.२५,००० पुरस्कारको व्यवस्था गरीएको छ।






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### छोरीलाई समान अवसर दिँदाको फल

देशका अधिकांश विश्वविद्यालयमा अध्ययन गर्ने छात्राको संख्या ह्वात्तै बढेको छ । यसले छोरीलाई पढाउनुपर्छ भन्ने मान्यता स्थापित भएको छ। छोराछोरीलाई समान अधिकारसहित पठनपाठनको व्यवस्था गर्नु आमाबाबुको कर्तव्य पनि हो । पछिल्लो समय छोराछोरीलाई पठनपाठनमा समान अधिकार दिएको पनि पाइन्छ ।

यसरी समान व्यवहार गर्दा तुलनात्मकरुपमा छोरीले नै प्रगति गरिरहेका छन् । यसको पछिल्लो उदाहरण देशका सबै विश्वविद्यालयमा छात्राको संख्या अप्रत्यासितरुपमा बढ्नु हो । आजभन्दा करिब एक दशकअघि 'छोरीलाई पढाउनुहुँदैन, घरको काममा लगाउनुपर्छ, पढाए पनि घरको काम सकेर सरकारी वा तल्लो स्तरको शिक्षालयमा पढाउनुपर्छ' भन्ने परिवारको दरिद्र मानसिकताको कारण छोरीले पढाइमा खासै प्रगति गर्न सकेका थिएनन् । यस मान्यताको ठीक उल्टो पछिल्लो समय छोरीहरुले पढाइमा उत्कृष्ट स्थान हासिल गरेको पाइएको छ ।

हालै सम्पन्न त्रिभुवन विश्वविद्यालयको ५० औं दीक्षान्त समारोहमा पदक र पुरस्कार पाउने सूचीमा छात्राहरु अब्बल देखिएका थिए । २३ मध्ये १७ छात्राले मात्र पुरस्कार र पदक हात पार्न सफल भएका थिए । यसले के देखाउँछ भने, पढाइमा छात्रभन्दा छात्राहरु बढी मेहनती र अब्बल छन् । विश्वविद्यालय अनुदान आयोगले सार्वजनिक गरेको शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली एजुकेसन म्यानेजमेन्ट इन्फर्मेसन सिस्टम (इमिस) मा छात्राको संख्या बढेको देखाएको छ। विश्व विद्यालयगतरुपमा त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत ४ लाख ९१ हजार २ सय ९९ मध्ये ५८ दशमलव ४ प्रतिशत छात्रा छन् । छात्रको संख्या ४२ प्रतिशत मात्र छ। त्रि.वि.मा स्नातक तहमा छात्राको संख्या बढी छ । सो तहमा ५७ दशमलव ६१ प्रतिशत अध्ययनरत छन्।

देशभरका विश्वविद्यालयअन्तर्गतका शिक्षण संस्थामा ६ लाख ३३ हजार ५३ विद्यार्थी अध्ययनरत छन् । ती मध्ये पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ७५, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ७४ दशमलव ८, नेसनल एकेडेमी अफ मेडिकल साइन्स (न्याम्स) मा ७४ दशमलव ३ प्रतिशत छात्रा अध्ययनरत छन् । अनुपातमा ७१ दशमलब ८९ प्रतिशत छात्रा विभिन्न विश्वविद्यालयका संकायहरुमा अध्ययरत छन् ।

# नेप्से परिसूचक १५ अङ्कले घट्यो

● टक नेपाल



यो साताका कारोबारमा लगातार दोस्रो दिन पनि नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक घटेको छ । आज नेप्से परिसूचक १५ दशमलव ५४ अङ्कले घटेर दुई हजार पाँच सय ९४ दशमलव १३ को बिन्दुमा कायम भएको हो ।

आज विभिन्न तीन सय २२ कम्पनीका एक करोड ३८ लाख ७० हजार पाँच सय ७९ कित्ता शेयर ६४ हजार दुई सय ७८ पटक खरिदबिक्री हुँदा रू छ अर्ब ६५ करोड आठ लाख ८३ हजार बराबर को कारोबार भएको छ ।

आजको कारोबारमा सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै व्यापार समूह एक दशमलव ८९, होटल तथा पर्यटन एक दशमलव ३६ र वित्त समूह एक दशमलव ३२ प्रतिशतले घटेको छ ।

बैंकिङ शून्य दशमलव ३५, विकास बैंक शून्य दशमलव ५८, जलविद्युत् शून्य दशमलव ४९, लगानी शून्य दशमलव ६० र जीवन बीमा शून्य दशमलव ५० प्रतिशतले घटेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन शून्य दशमलव ७७, लघुवित्त शून्य दशमलव ४४, म्युचुअल फन्ड शून्य दशमलव ४२, निर्जीवन बीमा शून्य दशमलव ०२ र अन्य समूह शून्य दशमलव ६७ प्रतिशतले घटेको छ ।

आज बाराही हाईड्रोपावर पब्लिक लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लाग्दा आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड र सिन्धु विकास बैंक लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रू ४५ करोड २५ लाख ५१ हजार बराबरको कारोबार भएको छ ।

कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै माछापुच्छ्रे बैंक प्रमोटर शेयर आठ लाख ४९ हजार आठ ३३ कित्ता किनबेच भएको छ ।

# यु-१९ महिला विश्वकप : अभ्यास खेलमा नेपाल पराजित

● टक नेपाल



आइसीसी यु-१९ महिला टी-२० विश्वकपको अभ्यास खेलमा नेपाल पराजित भएको छ । वेष्ट इन्डिजसँगको खेलमा नेपाल नौ रनले पराजित भएको हो ।

मलेसियामा आज भएको पहिलो अभ्यास खेलमा वेष्ट इन्डिजले नेपाललाई जितका लागि एक सय १० र नको लक्ष्य दिएको थियो । नेपालको पारी १९ दशमलव एक ओभरमा एक सय रनमै समेटियो । नेपालका लागि सिमाना केसीले २३, पूजा महतोले १८, किरण कुँवरले १८ र सोनी पाखिनले १५ रन बनाए । बलिङतर्फ वेष्ट इन्डिजकी त्रिशा हरदत, आलिया विकीज र आमिया गिल्बर्टले दुई दुई विकेट लिइन् ।

यसअघि टस जितेर पहिला ब्याटिङ गरेको वेष्ट इन्डिजले २० ओभरमा चार विकेट गुमाएर एक सय नौ रन बनाएको थियो । वेष्ट इन्डिजका लागि जजारा क्लक्सटनले अविजित २२ रन बनाइन् । यस्तै कप्तान समारा रमनथले २५ र अबिगेल ब्राइसले १९ रनको योगदान दिइन् । बलिङतर्फ नेपालकी सिमाना केसी र रचना कुमारी चौधरीले एक-एक विकेट लिइन् ।

नेपालले दोस्रो अभ्यास खेल आगामी माघ २ गते अमेरिकासँग खेल्नेछ । माघ ५ गतेदेखि मलेसियामा सुरु हुने यु-१९ महिला टी-२० विश्वकपमा नेपाल समूह 'डी' मा रहेको छ । उक्त समूहमा बङ्गलादेश, स्कटल्याण्ड र अस्ट्रेलिया रहेका छन् । नेपालले माघ ५ गते बङ्गलादेशसँग, माघ ७ गते स्कटल्यान्डसँग र माघ ९ गते अस्ट्रेलियासँग खेल्ने छ ।






# मधेश प्रदेशको उद्योगका उत्पादन क्षमता खुम्चियो



● टक नेपाल

मधेश प्रदेशमा रहेका उद्योगहरुको आफ्नो उत्पादन क्षमताको औसतमा ५१ दशमलव ०३ प्रतिशतमा खुम्चिएको छ।

नेपाल राष्ट्र बैङ्कले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन (मधेश प्रदेश) अनुसार आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा उद्योगहरुको उत्पादन क्षमता औसतमा १० दशमलव ५३ प्रतिशतले खुम्चिएको छ। जबकि गत आर्थिक वर्ष २०७९/८० मा यहाँका उद्योगहरुको औसत क्षमता उपयोग ६१ दशमलव ५६ प्रतिशत रहेको थियो।

राष्ट्र बैङ्कको प्रतिवेदनअनुसार समीक्षा अवधिमा हल्का पेयपदार्थ उद्योगले सबैभन्दा बढी ९७ दशमलव ७८ प्रतिशत क्षमता उपयोग भएको देखाएको छ । त्यसैगरी सो आवमा वनस्पति घीउ उद्योगको क्षमता उपयोग सबैभन्दा कम अर्थात् शून्य दशमलव ४० रहेको देखाएको छ । वनस्पति घीउ उद्योगको क्षमता अति न्यून रहनुमा हालका दिनहरूमा वनस्पति घीउको गार्हस्थ्य तथा औद्योगिक प्रयोग कम हुँदै जानु र यसको विकल्पमा भटमासको तेल तथा पाल्म तेलको प्रयोग बढ्दै गएकाले यसको बजार माग घट्दै जाँदा उत्पादन पनि क्रमशः घट्दै गएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

राष्ट्र बैङ्कका अनुसार समीक्षा अवधिमा प्लास्टिकजन्य उद्योगको र छाला तथा छालाको सामान उत्पादन गर्ने उद्योगको क्षमतामा अघिल्लो अवधिको तुलनामा कमी आएको पनि औँल्याएको छ । राष्ट्र बैङ्कको प्रतिवेदनले आर्थिक वर्ष २०८०/८१ मा फलामको छड तथा पत्ती उद्योगको क्षमता उपयोग ४१ दशमलव २५ प्रतिशत रहेको देखाएको छ।

जबकि आव २०७९/८० मा फलामको छड तथा फलामको पत्ती उद्योगको क्षमता उपयोग ९१ दशमलव ९६ प्रतिशत रहेको थियो।

आव २०८०/८१ म सिमेन्ट उद्योगको क्षमता उपयोग ३७ दशमलव ६९ प्रतिशत रहेको छ। जबकि आव २०७९/८० मा भने सिमेन्ट उद्योगको क्षमता उपयोग ३९ दशमलव ३९ प्रतिशत रहेको देखाएको छ । आव २०८०/८१ मा हल्का पेयपदार्थ उद्योगको क्षमता उपयोग ९७ दशमलव ७८ प्रतिशत रहेको छ। आव २०८०/८१ मा गहुँको पीठो उद्योगको क्षमता उपयोग ७३ दशमलव ६९ प्रतिशत, भटमासको तेल उद्योगको क्षमता उपयोग १४ दशमलव २३ प्रतिशत, साबुन उद्योगको क्षमता उपयोग २९ दशमलव १९ प्रतिशत, आल्मुनियम उत्पादन उद्योगको क्षमता उपयोग ८५ दशमलव ७५ प्रतिशत, केमिकल लिक्युड पदार्थ उद्योगको क्षमता उपयोग ४३ दशमलव २६ प्रतिशत रहेको छ।

राष्ट्र बैङ्कको प्रतिवेदनले देशमा सञ्चालित अधिकांश उद्योगहरू ५० प्रतिशतभन्दा कम क्षमतामा सञ्चालित रहेकाले बढी क्षमतामा सञ्चालन हुने वातावरण तयार पार्नुपर्ने औँल्याएको छ । प्रतिवेदनमा भनिएको छ "श्रमिक, ऊर्जा तथा बजार जस्ता कारणहरूले उत्पादन अवरुद्ध हुने अवस्था अन्त्य गर्दै वर्षैभरि उद्योग चल्ने वातावरण बनाई कच्चापदार्थको नोक्सानी र उत्पादनको लागत घटाउनुपर्ने देखिन्छ।"

विज्ञापनका लागि सम्पर्क गर्नुहोस
विनोद ढुङ्गेल
९८५४०४०५६४
Contact for Advertising
9863321014,9807821014
talknepalnationaldaily@gmail.com

# सहकारीले प्राथमिक पूँजीको १५ गुणासम्म बचत संकलन गर्न पाउने




● टक नेपाल

नेपाल राष्ट्र बैंकले बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाले प्राथमिक पूँजीको १५ गुणासम्म मात्रै बचत संकलन गर्ने व्यवस्था गर्न लागेको छ।

सोमबार बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाका लागि जारी एकीकृत निर्देशन तथा मापदण्डको मस्यौदामा उक्त प्रस्ताव गरेको हो।

यस्तै सहकारी संस्थाले बैंक तथा वित्तीय संस्थाबाट कुल सम्पत्तिको ५ प्रतिशतसम्म वा पूँजीकोषको बढीमा सय प्रतिशतसम्म (जुन कम हुन्छ त्यो सीमासम्म) ऋण लिन सक्ने व्यवस्था गर्ने प्रस्तावित निर्देशनको मस्यौदामा उल्लेख छ।

नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट जारी भएको सहकारी सम्बन्धी अध्यादेशमा उल्लेख भए अनुसार राष्ट्र बैंकले सहकारीमा प्रतिव्यक्ति बचत सीमा तोक्ने भएको हो।

एक जिल्ला कार्यक्षेत्र भएको सहकारी संस्थाले प्रतिव्यक्ति अधिकतम १० लाखसम्म बचत संकलन गर्न सक्ने छ।

त्यस्तै एकभन्दा बढी जिल्ला कार्यक्षेत्र भएको २५ लाख र एक प्रदेशभन्दा बढी कार्यक्षेत्र भएको सहकारीलाई प्रतिव्यक्ति ५० लाखको बचत सीमा तोक्ने भएको हो।

वित्तीय स्रोत संकलन सीमा अनुगमन गर्ने प्रयोजनका लागि अघिल्लो त्रैमासमा कायम रहेको प्राथमिक पूँजीकोष, पूँजीकोष र सम्पत्ति आधार मानिने प्रस्तावित निर्देशनमा उल्लेख छ।

यस्तै सेयर सदस्य भएको तीन महिनापछि मात्रै उक्त सदस्यलाई ऋण लगानी गर्न सक्ने व्यवस्था गर्न लागिएको हो।

**मानव बेचबिखन विरुद्ध सचेतना**

❖ बेचबिखन रोक्न समाजमा चेतना फैलाउन जरूरी छ ।
❖ विद्यालयदेखि नै बालबालिकालाई यसका बारेमा शिक्षित गराउनु पर्दछ ।
❖ पाठ्यपुस्तकमा समावेश गरेर आफू कसरी बच्ने र अरूलाई पनि कसरी बचाउने भन्ने कुरा सिकाउन जरूरी छ ।
❖ समाजमा तुरून्तै लागु गर्न सकिने किसिमका पाठ्यसामग्रीह समावेश गर्न जरूरी छ ।
❖ रोजगारीका लागि जाने व्यक्तिलाई शिक्षा दिने, गलत बाटोबाट जाँदा पर्ने असरका बारेमा जानकारी गराउने गर्नुपर्छ ।

**बर्दिबास नगरपालिका, महोत्तरी, मधेश प्रदेश**

नि:शुल्क भाषा कक्षा
Japanese & Korean Language
Study in JAPAN
● Basic Language पढे पुग्ने ।
● 12 Pass गर्नै ले Apply गर्न मिल्ने ।
● Academic Gap ले फरक नपर्ने ।
● Working Visa को विशेष तयारी कक्षा ।
Korean Language
● EPS Based Preparation Class
● Skill Test Class
● UBT Based Preparation Class
● Weekly Daily UBT Test
● Special Class and Guarantee Pass
Tokyo/Nagoya/ Osaka/Shizuoka/ Okinawa/Fukuoka/ Nagasaki and others
Mahima Education Consultancy
Bardibas, Mahottari
9866996088, 9811016207

के तपाई विदेश जाने सोचमा हुनुहुन्छ?
यदि हुनुहुन्छ भने, हामी तपाईंको शहर बर्दिबासमा आइसकेका छौं।
Study Abroad
Preparation Classes
■ IELTS / PTE Classes
■ Japanese Language Classes
■ Korean Language Classes
IELTS | Pearson | PTE
Date Booking
Australia | Canada | UK | USA
New Zealand | Japan | Korea
ग्रेस इन्टरनेशनल, बर्दिबास
सम्पर्क:- 9841133811, 9854088026, 9854088028 | स्थान :- औरही रोड, शुभ स्वस्तिक हस्पिटल (पुरानो भवन)

# प्रधानमन्त्रीले दिए केन्द्रीय सदस्य राजकरण महतोलाई बधाई र शुभकामना



● टक नेपाल

भुइँमान्छेका आवाजलाई प्रधानमन्त्रीको सम्मान : नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजकरण महतोलाई सफल कार्यकालका लागि प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार शुभकामना तथा बधाई दिदै प्रधानमन्त्री केपी शर्मा ओली। सात दशको नेपाल पत्रकार महासंघको ईतिहासमा महोत्तरी जिल्लाबाट केन्द्रीय सदस्यमा पत्रकार महतो निर्वाचित भएसंगै महोत्तरीले पहिलोपटक केन्द्रमा प्रतिनिधित्व पाएको थियो । १५ वर्षअघि पत्रकार महतो महोत्तरीको बर्दिबासबाट पत्रकारिता सुरु गरेका थिए । उनी पत्रकारिताका माध्यमबाट आवाजविहिनीहरुको सवाललाई बुलन्द पार्दै आएका छन् । प्रधानमन्त्री ओलीले नवनिर्वाचित केन्द्रीय समितिलाई बधाई र शुभकामना दिन बालुवाटर बोलाएका थिए ।

# मधेश केन्द्रित दलहरूको संयुक्त कार्यदलको बैठक आज बस्दै



● टक नेपाल

मधेश केन्द्रित राजनीतिक दलहरूको मोर्चा गठन गर्ने प्रयासस्वरुप बनेको कार्यदलको पहिलो बैठक मंगलबार बस्ने भएको छ ।

मंगलबार बिहान ११ बजे काठमाडौंको धुम्बाराहीस्थित समर्पण एकेडेमीमा बैठक बस्न लागेको हो । बैठकमा विभिन्न दलका नेताहरू सहभागी भई मोर्चा निर्माणको खाका, उद्देश्य, र साझा एजेन्डाबारे छलफल गर्ने तय भएको छ ।

मधेश केन्द्रित मुद्दाहरूमा एकजुट भई राजनीतिक शक्ति निर्माण गर्ने उद्देश्यले कार्यदल गठन गरिएको बताइएको छ ।

बैठकमा जनता समाजवादी पार्टीबाट रेणु यादव र ईस्तियाक राई, जसपा नेपालबाट राजकिशोर यादव, लोकतान्त्रिक समाजवादी पार्टीबाट जितेन्द्र सोनल, सुरेन्द्र झा, जनमत पार्टीबाट अब्दुल खान, शरद यादव, जनप्रगतिशील पार्टीबाट शिवजी यादव, राष्ट्रिय मुक्ति पार्टीबाट केशव झा, तराई मधेश लोकतान्त्रिक पार्टीबाट वृषेश चन्द लाल सहभागी हुनेछन् ।

## सुचना ! सुचना !! सुचना !!!

समाज वचत तथा ऋण सहकारी संस्थाको संचालक समितीको २०८१/०९/०७ को निर्णय अनुसार यस संस्थाको २२ औं साधारण सभा तपशिलको मिति,समय र स्थानमा हुने भएकोले यसै सुचनालाई आधार मानी सम्पुर्ण शेयर सदस्यलाई उपस्थीतीको लागी अनुरोध गरिन्छ । यस संस्थाले आफ्नो शेयर सदस्यलाई पत्रीका, सामाजीक संजाल र रेडियोमार्फत सुचना दिईएको हुँदा यसै सुचनालाई आधार मानी सम्पुर्ण शेयर सदस्य महानुभावहरूलाई उपस्थीतीको लागी अनुरोध गरिन्छ ।

**तपशील**

मितिः २०८१/१०/०३ बिहिवार

समय : ११ बजे देखी

स्थानः **IRDS**, समाज सहकारी अस्पतालको प्राङ्गणमा

**गीता अधिकारी**
**अध्यक्ष**
समाज वचत तथा ऋण सहकारी संस्था
बर्दिबास-०१, महोत्तरी
सम्पर्क नं:९८१९८१४४३६,९८४४०५२६३८

# तराई-मधेशमा धुमधामका तिला सङ्क्रान्ति मनाइँदै, किन मनाइन्छ यो पर्व ? धार्मिक महत्व पढौं



● टक नेपाल

सम्पूर्ण तराई-मधेशमा आज तिला सङ्क्रान्ति धुमधामका साथ मनाइँदैछ । सूर्य मकर राशिमा सङ्क्रमण गरेको दिनलाई मकर सङ्क्रान्ति भनिन्छ । यस दिनलाई माघेसङ्क्रान्ति, तिला सङ्क्रान्ति, माघी वा खिचडी पनि भन्ने गरिन्छ ।

मैथिली भाषामा 'माघ के दिन बाघ' भन्ने गरिन्छ । एक महीना लामो खरमासको समाप्ति यसै मकर सङ्क्रान्तिको दिन हुन्छ तथा यस अवधिमा रोकिएका शुभ कार्य फेरि आरम्भ गरिन्छ ।

यसै दिनदेखि दिन बढ्न तथा रात घट्न थाल्दछ । सूर्यको प्रकाशमा तेज (तापक्रम) दिनानुदिन बढ्दै जाने हुँदा अत्यधिक जाडो तथा तराईमा चल्ने शीतलहर यसै दिनदेखि दिनानुदिन अल्प हुँदै जान्छ ।

मकर सङ्क्रान्तिको ठूलो धार्मिक महत्व रहेको छ । यस दिन बिहानको पूण्यकालमा सबै जना पवित्र जलमा स्नान गरेर सूर्य भगवान्लाई अर्घ्यदान गरी गौदान, अन्नदान, शय्यादान, तिलादान तथा गच्छेअनुसार नगद दान गरी गौ र ब्राह्मणलाई भोजन गराएर मात्र आफूले भोजन गर्ने परम्परा रहिआएको छ ।

*धनंच यो द्विजे दद्यात् अलंकृत्य पयस्विनी ।*
*कांस्य वस्त्रादि भियुक्त स्वर्गलोके महियते ।।*
*(मनुस्मृति)*

अर्थात् यस दिन वस्त्र ओढाइएकी तथा सिङ्गारिएकी दुधालु गाईलाई काँसको भाँडो र दक्षिणाका साथ ब्राह्मणलाई दान गर्नाले मानिस सहजै स्वर्गलोक पाउन सक्दछ ।

*हेमश्रृङ्गी रौप्यशफा सुशीला वस्त्रसंयुता ।*
*सकांस्य पात्रा दातव्या क्षीरिणी गौस सदक्षिणा ।।*
*(गरुडपुराण) ।*

अर्थात् सोझो स्वभाव भएकी दुधालु, सिङमा सुन तथा खुरमा चाँदी मढिएको गाईलाई बस्त्र ओढाएर दुहुने भाँडो र दक्षिणाका साथ ब्राह्मणलाई दान गर्दा स्वर्गलोक प्राप्ति हुन्छ ।

यस प्रकार यस दिन दानको ठूलो महत्व रहेको छ । मकर सङ्क्रान्तिको दिन घरदैलो सफा सुग्घर पारेर सकेसम्म गाईको गोबरले लिपी दान पुण्य गरी खिचडी पकाउन चामल, तील तथा अदुवा कुल देवतालाई अर्पण गर्ने चलन रहिआएको छ ।

भुटेको चिउरालाई गुडको चास्नीमा मुछी तयार पारिएको लड्डु तथा बन्हुइ लाइ (गुडको चास्नीमा मुछेर तयार पारिएको मुरही-भुजाको लड्डु) पनि कुल देवतालाई अर्पण गर्ने परम्परा रहेको पाइन्छ ।

यस प्रकारको लड्डु छोरीचेलीको घर कोसेलीको रूपमा पठाउने सामाजिक परम्परा छ । बुहारीको माइतीबाट पनि यस्ता कोसेली अनिवार्यरूपमा आउने गर्दछ । यस प्रकारको कोसेलीले छोरीचेलीको मान बढ्दछ । बुहारी गौरवान्वित हुन्छन् । यस अवसरमा कोसेली आएन भने छोरी बुहारीले आफ्नो मन दुखाउँछन् ।

अतः गरीब धनी जोसुकैले गच्छेअनुसार खिचडीको कोसेली (बन्हुइ लाइ) छोरी चेलीको घरमा अवश्य नै पठाउँछन् ।

मकर सङ्क्रान्तिको दिन घरघरमा खिचडी पाक्दछ । पाएसम्म बासमतीको चामलमा बेसार, तिल, अदुवा हालेर मन लोभ्याउने खालको खिचडी अवश्य नै पाक्दछ ।

यस प्रकारले पकाइने चामलको खिचडी नयाँ धानको हुनुपर्दछ किनकी पुरानो धानको खिचडी पकाउँदा खिचडी न भएर फरफराउँदो भात तयार हुन्छ । नयाँ धानको चामलको खिचडी पकाउँदा 'मडबुझ' भएर राम्रो जाउलो (खिचडी) तयार हुन्छ ।

खिचडीको साथमा मेथी, चम्सुर, पालुङ्गो, लहसुनको भुटुवा साग, आलु, काउली, भन्टाको भुजिया, पापड, अचार स्वाद मानीमानी खाइन्छ ।

मैथिली भाषामा 'माघ मास घिव खिचडी खाउँ' भन्ने लोकोक्ति नै छ । खिचडीमा घरको घ्यु अनिवार्यरूपमा हालिन्छ । मैथिली भाषाको अर्को उखान अनुसार-खिचडी के चार यार, पापड, दही, घिव, अचार' । खिचडीको साथमा पापड, दही, घ्यु तथा अचार खाँदा अपूर्व स्वाद पाइन्छ भन्ने लोक मान्यता छ ।

घ्यु हालेको पहेँलो खिचडीमा तर लागेको सेतो दही तथा थालको वरिपरि कचौरामा लहरै राखिने साग र भुजियाको मनोरम दृश्य देखेर जो कोहीलाई खाउँखाउँ लाग्छ । त्यसमाथि अझै पापड तथा रातो भरुवा खुर्सानी र तेल चुहिँदै गरेको आँपको अचारले त भोजनलाई दिव्य नै बनाइदिन्छ ।

किसानको अगहनीको दाउनी (धान थन्काउने काम) प्रायः सिद्धिसकेको हुन्छ । खिचडीको दिन भखारी, डेहरीमा तेल, सिन्दूरले पूजा गरी त्यसको 'आन' (ढोका) खुल्दछ । खिचडीको दिन त्यसको पूजा गरेर खोलिन्छ । सर्वप्रथम भकारीबाट झिकिने अन्नलाइ 'शिवअंशी' को रूपमा गाउँघरमा रहेका शिव मन्दिरमा पठाइन्छ । त्यसपछि गच्छेअनुसार अन्न झिकेर पुरोहितलाई दान दिइन्छ ।

छोरीचेलीका लागि कोसेली भनेर पनि अन्न झिकेर राखिन्छ अनि मात्रै भकारीभित्रको अन्न स्वप्रयोगमा ल्याइन्छ ।

पुराना दिनमा भकारी खुल्दा उत्सवजस्तै हुन्थ्यो तर विस्तारै अब त्यो परम्परा हराउँदै गएको छ । भकारी खुल्ने दिन बेलुकाको समयमा अन्न बेचेर त्यस पैसाले माछा किन्ने, पकाउने, खाने प्रथा भने जीवित नै रहेको देख्दा हर्षानुभूति भने अवश्य नै हुन्छ ।

## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- Endosocopy/Diode Laser सेवा
- विभिन्न रोगहरूको विशेषज्ञ डाक्टरहरूद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 24/7 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५०२५५

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, कार्यकारी निर्देशकः ललन मण्डल, प्रवन्धकः बिनोद ढुङ्गेल, प्रधान सम्पादकः निकेश खनाल, सल्लाहकार सम्पादक :माधव पौडेल, सम्पादक : रंजुकुमारी साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com